# आन्तरिक राजस्व व्यवस्थापनको तेस्रो सुधार कार्ययोजना

(२०७५/७६ -२०७७/७८)




नेपाल सरकार

अर्थ मन्त्रालय

## आन्तरिक राजस्व विभाग

लाजिम्पाट, काठमाण्डौ

नेपाल सरकार
# अर्थ मन्त्रालय

डा. युवराज खतिवडा
अर्थ मन्त्री

सिंहदरबार, काठमाडौं
नेपाल

## शुभकामना

मुलुक वित्तीय रुपमा संघीय शासन प्रणालीमा प्रवेश गरे संगै संघ, प्रदेश र स्थानीय तहको संचालन, स्रोत परिचालन र नागरिकका संविधान प्रदत्त मौलिक हकको कार्यान्वयन गर्दै द्रुत आर्थिक विकास र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नुपर्ने भएको छ। यसका लागि आन्तरिक श्रोतको अधिकतम प्रभावकारी परिचालन अत्यावश्यक भएको छ। उद्योग, व्यवसाय र लगानीमैत्री दिगो आन्तरिक श्रोत परिचालन गर्ने अभिप्रायले सरकारले कर प्रणालीमा सुधार गर्दै आन्तरिक राजस्व संरचनालाई प्रगतिशील, न्यायोचित र पारदर्शी बनाउँदै लगेको छ। कर प्रणालीमा गरिएका समसामयिक सुधारबाट करको आधार फराकिलो हुँदै गएको छ भने करदातामैत्री कर प्रशासनका माध्यमबाट स्वेच्छिक कर सहभागिता बढेको छ। कर सहभागिता लागतलाई न्युनीकरण गर्दै जानुपर्ने आजको आवश्यकतालाई आत्मसाथ गरी समग्र कर प्रशासनमा कानूनी, संरचनागत प्रविधिजन्य एवं प्रकृयागत सुधारलाई तीव्रता दिईएको छ।

कर प्रशासनका काम कारवाहीहरुलाई प्रविधिमा आवद्ध गरी अझ बढी सरल, विश्वसनीय र आधुनिक बनाउने कार्यका लागि आन्तरिक राजस्व विभागको चालू पञ्चवर्षीय रणनीतिक योजना (२०१८/१९-२०२२/२३) तयार भई फराकिलो आधार भएको पारदर्शी र स्वच्छ कर प्रणालीको माध्यमबाट विकास प्रक्रियामा टेवा पुग्ने गरी सक्षम संस्थाको रुपमा विभागलाई स्थापित गराउने गरी विभागको सोच (Vision) तय भएको छ। उक्त सोचलाई कार्यरुप दिन गन्तव्य, समग्र उद्देश्य, कार्यदिशा र मूल्य मान्यता समेत निर्दिष्ट गरिएको छ। यिनै कार्यदिशा र मूल्य मान्यतालाई अवलम्बन गरी आगामी तीन वर्षसम्म विभागबाट सम्पादन गरिने कार्यहरुको दिशा निर्देशनका लागि विभागले आन्तरिक राजस्व व्यवस्थापनको तेस्रो सुधार कार्ययोजना (२०७५/७६- २०७७/७८) तयार गरी कार्यदिशा निर्धारण गरेको छ।

यो सुधार कार्ययोजनाले आउने दिनमा विभागलाई प्राप्त भएको कार्यदिशा अनुसारका कार्य सम्पादनमा उच्च नतिजा हासिल गराउने कार्यमा महत्वपूर्ण दस्तावेजको रुपमा भूमिका खेल्नेछ भन्ने विश्वासकासाथ सुधार कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि शुभकामना व्यक्त गर्दछु ।

डा. युवराज खतिवडा
अर्थमन्त्री

टेलिफोन नं.: +९७७-१-४२११८०९ (का.), फ्याक्स नं.: +९७७-१-४२११८३१
वेब साईट: www.mof.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नं.:-

## शुभकामना

मुलुकको विकास र समृद्धिको आधार आन्तरिक राजस्व परिचालनको अवस्थाले निर्देशित गर्ने हुंदा राजस्व परिचालनका अतिरिक्त आर्थिक विकास र सामजिक न्याय कायम गर्न सक्ने गरी राजस्व परिचालनलाई सुदृढ तुल्याउनुपर्दछ।

समग्र आर्थिक अवस्था, प्रशासनिक क्षमता र अन्तर्राष्ट्रिय प्रचलनलाई सुक्ष्म रुपले विश्लेषण गरी करको संरचना तथा संचालन प्रक्रिया निर्धारण गर्दा मात्र कर प्रणाली प्रभावकारी हुन्छ। कर प्रणालीलाई प्रभावकारी बनाउन समय सापेक्ष पुनरावलोकन जरुरी हुन्छ। लगानी मैत्री वातावरणको सुनिश्चिता मार्फत आर्थिक कारोबारमा विस्तार ल्याउने कार्यमा विशेष सजगता अपनाई राजस्व परिचालनका नयाँ क्षेत्र पहिचान र कराधारको विस्तार र संरक्षण गर्ने रणनीतिको तर्जुमा गरी कार्यान्वयन गर्ने कार्य कर प्रशासनको प्राथमिकतामा पर्नु पर्दछ।

कर संकलन लागतलाई न्यूनीकरण गर्दै कानूनको परिपालना र कर सहभागिताको स्तर बढाउने कार्यलाई मूर्तरुप दिनका लागि कर प्रणालीको संरचना, विधि र पद्दतिमा समेत निरन्तर सुधार आवश्यक छ। प्रणाली सुधारको बृहत्तर क्षेत्रभित्र नीतिगत तथा संस्थागत सुधारको पक्ष समेत समेटिनु पर्दछ। संस्थागत सुधार अन्तर्गत जनशक्तिको प्रभावकारी व्यवस्थापन र क्षमता विकासमा समेत योगदान गर्ने क्रियाकलापहरु संचालन गरी कार्यसम्पादनमा गुणस्तरको सुनिश्चितता हुनु जरुरी छ। आर्थिक समृद्धि र समाजमा आयको वितरणमुखी न्याय कायम गर्नका लागि कर प्रणालीको सुधारको रुपरेखाको रुपमा आन्तरिक राजस्व विभागले कार्यान्वयनमा ल्याएको रणनीतिक योजना कार्यान्वयनकै क्रममा रहेको छ। सोही रणनीतिक योजनाले परिलक्षित गरेको क्षेत्रमा केन्द्रीत भई आगामी कार्यदिशा निर्धारण गर्ने उद्देश्यका साथ तयार गरिएको आन्तरिक राजस्व व्यवस्थापनको तेस्रो सुधार कार्ययोजना कार्यान्वयनबाट नेपालको कर प्रशासनमा प्रकृयागत सरलीकरण र संगठनात्मक सुधारले थप गति लिने अपेक्षा गरेको छु।

विभागले तयार गरेको आन्तरिक राजस्व व्यवस्थापनको तेस्रो सुधार कार्ययोजना (२०७५/७६- २०७७/७८) ले समग्र कर प्रणाली सुधारका विभिन्न विषयहरुको सफल कार्यान्वयनबाट विद्यमान कर प्रशासनलाई आधुनिकता तर्फ डोर्‍याउन मद्दत गर्ने विश्वास मैले लिएको छु। सरल कानून, करदातामैत्री व्यवहार र गुणस्तरीय सेवा प्रवाहको माध्यमबाट कर सहभागिता प्रवर्द्धन गरी राजस्व परिचालन गर्ने कार्यमा तयार गरिएको नयाँ सुधार कार्ययोजना उपयोगी हुने विश्वास लिएको छु।

शिशिर कुमार ढुङ्गाना
सचिव

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स.स.म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.बि.म. ४२११८२६, अनुगमन तथा मू.म. ४२००४१८, कानून तथा प.म. ४२११८१३, वि.क्षे.व्य.म. ४२११७७०
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईटः www.rnof.gov.np

नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च न -

## शुभकामना

नयाँ व्यवसाय तथा सेवाको विस्तार हुँदै गइरहेकोले सबै आर्थिक क्रियाकलापहरुलाई करको दायरामा ल्याउनका लागि आन्तरिक राजस्व प्रशासनको जिम्मेवारी तथा कार्य क्षेत्र थप हुँदै गएको छ । आर्थिक कारोवारमा सूचना प्रविधिको प्रयोग बढदै जाँदा कर प्रशासनमा अवसर र चुनौती दुवै थपिएका छन् । यसमा एकातिर करदाता सेवा र करदाता शिक्षामा जोड दिंदै र कर सम्बन्धी कानूनहरुको परिपालना गराउने कार्यमा कर प्रशासनको दक्षता र क्षमता वढाउनु पर्ने आवश्यकता छ भने अर्को तिर राजस्व नीति, संकलन प्रक्रिया तथा कर संरचनामा निरन्तर सुधार गर्दै जानु पर्दछ । यस परिप्रेक्षमा आन्तरिक राजस्व विभागले दोस्रो रणनीतिक योजना (२०१८/१९-२०२२/२३) तर्जुमा गरी सो संग तादाम्य हुने गरी आन्तरिक राजस्व व्यवस्थापनको तेस्रो सुधार कार्ययोजना (२०७५/७६- ०७७/७८) तर्जुमा गरी कार्यान्वयनमा ल्याउन लागेकोमा खुशी व्यक्त गर्न चाहन्छु ।

बढ्दो सार्वजनिक खर्चको आवश्यकतालाई धान्न सक्ने गरी आन्तरिक राजस्व प्रणालीलाई दक्ष, भरपर्दो, पुर्वानुमानयोग्य तथा लगानीकर्ता मैत्री बनाउन कर सम्वन्धी नीति, कानून, कर प्रशासन र कर भुक्तानी सम्वन्धी प्रक्रियामा सुधार गर्दै लगिएको सन्दर्भमा आन्तरिक राजस्व विभागको यो सुधार कार्ययोजनाले आन्तरिक राजस्व प्रणाली थप सुदृढ हुने अपेक्षा गरेको छु । त्यसैगरी मुलुकको समग्र आर्थिक विकास र समृद्धिको लागि आन्तरिक राजस्वको महत्वपूर्ण भुमिका रहने हुनाले संवद्ध कर्मचारीहरु र करदाता लगायत सबै सरोकारवाला निकायहरुले आ-आफ्नो जिम्मेवारी निर्वाह गरी प्रस्तुत सुधार रणनीति र कार्ययोजनाको कार्यन्वयनमा सहयोग पुऱ्याउनु हुने विश्वास व्यक्त गर्दै यस कार्ययोजनाको सफल कार्यान्वयनको लागि शुभकामना दिन चाहान्छु ।

रामशरण पुडासैनी
सचिव(राजस्व)

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७, आ.नि.वि.म. ४२११८२६
योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य.सं.स.म. ४२११९९३, वित्तीय हस्तान्तरण म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.) ४२१११६५ (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईट : www.mof.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
फोन नं. ४४१५८०२, ४४१५८०३, ४४१९७१९
फ्याक्स नं. ४४११७८८
E-mail: hq@ird.gov.np
Web: http://www.ird.gov.np
लाजिम्पाट, काठमाडौं

पत्र संख्या :-
च.नं. :-

मितिः

शुभकामना

आन्तरिक राजस्व प्रशासनको छ दशकको लामो इतिहासलाई हेर्दा आजको कर प्रशासन विभिन्न चरणमा श्रृङखलाबद्ध सुधारको परिणाम स्वरुप आज सम्मको स्थितिमा रही आधुनिकतातर्फ उन्मुख रहेको छ ।

दशकौं लामो यात्रामा हामीले हाम्रो कर प्रणालीलाई उन्नत बनाउनका लागि विभिन्न चरणमा कानूनी, संरचनागत एवं प्रकृयामा सुधार र सरलीकरण गर्दै आएका छौं । समय समयमा भए गरेका सुधारका विषयलाई कार्यरुप दिनका लागि समग्र कर प्रशासनको दीर्घकालीन रणनीतिको रुपमा प्रथम पञ्चवर्षीय रणनीतिक योजना र दुईवटा तीन वर्षीय सुधार योजनाको सफल कार्यान्वयन पश्चात हाल दोस्रो रणनीतिक योजना कार्यान्वयनमा ल्याइएको छ । रणनीतिक योजनाको आधारमा तयार गरिएको तेस्रो सुधार कार्ययोजना (२०७५/७६- २०७७/७८) ले समग्र विभाग र कर प्रशासनले आगामी तीन वर्षमा पञ्चबर्षीय रणनीतिक योजनाले परिलक्षित गरेको दीर्घकालीन सोच अनुसार विभागको गरिमालाई उच्च राख्ने कार्यमा योगदान गर्नेछ । जसबाट व्यवस्थापकीय असल अभ्यास, नविनतम प्रविधिको प्रयोग र विद्यमान जनशक्तिको ज्ञान सीप र क्षमतामा समेत अभिवृद्धि हुने कुरा मैले विश्वास लिएको छु । व्यवस्थापकीय कौशल, व्यवसायिक निष्पक्षता, कानूनी, संरचनागत र पद्धति एवं प्रणालीमा समयानुकूल परिवर्तन र सुधार गरी हाम्रो कार्य सम्पादन स्तरमा उच्चतम नतिजा हासिल गराउनका लागि यो सुधार योजनाले मार्गदर्शन गर्नेछ । अन्त्यमा, म यो सुधार कार्ययोजना तयार गर्नमा विज्ञ सहितको प्राविधिक सहयोग उपलब्ध गराउने GIZ RAS परियोजनालाई धन्यवाद व्यक्त गर्दछु ।

बिनोद बहादुर कुँवर
महानिर्देशक

# विषय सूची


| | | |
|---|---|---|
| १ | परिचय | १ |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | आन्तरिक राजस्व विभागको राजस्व असुली तथा मुख्य कार्यमूलक सूचकहरुको अवस्था | २ |
| १.३ | कर नीति कार्यान्वयनका चुनौतिहरु | ९ |
| १.४ | आन्तरिक राजस्व विभागको संगठन तथा दरबन्दी संरचना | १० |
| २ | तेस्रो सुधार कार्ययोजनाका नीतिगत आधारहरु | १२ |
| २.१ | प्रमुख नीतिगत परिवर्तनहरु | १२ |
| २.२ | राजस्व नीति | १२ |
| २.३ | दोस्रो रणनीतिक योजना | १२ |
| ३. | तेस्रो सुधार कार्ययोजना | १४ |
| ४. | राजस्व प्रणाली परिवर्तन र जोखिम व्यवस्थापन | २१ |

# १. परिचय

## १.१ पृष्ठमूमि

मुलुकको विकास र सामाजिक उद्देश्यहरु पूरा गर्नका लागि आवश्यक सार्वजनिक वित्त जुटाउनु नै आधुनिक कर प्रणालीको प्रमुख उद्देश्य हो । आन्तरिक खर्चलाई दिगो रुपमा धान्न सक्ने गरी स्रोत परिचालन गर्न सन्तुलित र पारदर्शी ढङ्गबाट कर संकलन गर्ने कार्य कर प्रशासनको कुशलता र क्षमतामा निर्भर रहन्छ । कर प्रशासन करदाताहरुमा कर कानूनहरुको परिपालना गर्ने बानीको विकास गराउन प्रयासरत रहेको छ । करदाताको कर परिपालन लागत (Compliance Cost) घटाउन र कर छली तथा चुहावट नियन्त्रण गरी कर परिचालनमा कुशलता एवम् प्रभावकारिता कायम गर्ने तर्फ कर प्रशासनका सुधार योजनाहरु परिलक्षित रहेका छन् । कर परिचालनमा कुशलता एवम् प्रभावकारिता कायम गर्न कर प्रशासनको क्षमता अभिवृद्धि, प्रक्रियागत सरलीकरण, सूचना व्यवस्थापन, प्रविधि विकास एवम् सांगठनिक सुधार आवश्यक रहेको वर्तमान अवस्थामा कर प्रशासनको व्यावसायिकता प्रवर्धन गर्न तथा कार्य सम्पादन गर्दा देखिएका कमी कमजोरी र अनुभवबाट कर प्रणालीको यथार्थ मूल्याङ्कन गरेर मात्र सुधार कार्ययोजना तर्जुमा गर्नु पर्दछ।

आन्तरिक राजस्व विभागले सन् २०१२/१३ मा पहिलो पञ्चवर्षीय रणनीतिक योजना (२०६९/७०- २०७३/७४) को सफल कार्यान्वयन सम्पन्न गरेको छ । हाल दोस्रो रणनीतिक योजना (२०७५/७६-२०७९/८०) तर्जुमा गरी उक्त योजनाले परिलक्षित गरेका उद्देश्यहरु प्राप्त गर्नका लागि आफ्ना क्रियाकलापहरु सञ्चालन गर्दै आएको छ । विभागले प्रथम सुधार योजना (२०६९/७०- २०७१/७२) र दोस्रो सुधार योजना (२०७२/७३- २०७४/७५) को समेत कार्यान्वयन सम्पन्न गरेको छ । यो तेस्रो सुधार कार्ययोजनाले विभागको दोस्रो रणनीतिक योजनाले लिएको दीर्घकालीन सोच र विकास लक्ष्य प्राप्तिका लागि विभिन्न सूचकाङ्कहरु निर्धारण गरी निश्चित समय सीमामा कार्यान्वयन गर्ने र नतिजा हासिल गर्ने कुरामा मार्ग निर्देशन गरेको छ । साथै यसले रणनीतिक योजनाका उद्देश्यहरुलाई कार्यरुप दिने अभिप्रायले निर्दिष्ट दीर्घकालीन सोच प्राप्तिको सुनिश्चितताका लागि विभागले अवलम्वन गर्नुपर्ने अल्पकालीन तथा दीर्घकालीन मार्गचित्र समेत प्रस्तुत गरेको छ।

आधुनिक कर प्रशासनका लागि आन्तरिक राजस्व विभागले लिएको सुधारको गन्तव्य अर्न्तराष्ट्रिय स्तरको असल अभ्यास, सरकारका राष्ट्रिय तथा वित्तीय प्राथमिकताहरु अनुरुप रहेका छन् । सुधार कार्य योजनामा उल्लिखित विभिन्न क्रियाकलापहरु समग्र विभागको कार्य दक्षता बढाउने दिशामा उन्मुख रहेका छन्।यो सुधार कार्ययोजनाले विभागको तीन वर्षका उद्देश्यहरुलाई स्पष्ट गर्नुका साथै यसको आधारमा वार्षिक कार्ययोजना तयार गर्न सहयोग पुग्नेछ । साथै विभिन्न सरोकारवालाहरुको साथ तथा सहयोगमा उक्त क्रियाकलापहरुको सफल कार्यान्वयन गरी विभागको समग्र कार्यसम्पादनमा गुणात्मक सुधार ल्याउने दिशातर्फ विभाग सदैव अग्रसर रहनेछ।

## १.२ आन्तरिक राजस्व विभागको राजस्व असुली तथा मुख्य कार्यमूलक सूचकहरुको अवस्था

### राजस्व असुली

विभागको कार्य जिम्मेवारीमा रहेको कर राजस्व संकलनको समीक्षा गर्दा विगत दशकको कार्य प्रगति उल्लेखनीय रहेको छ । कुल राजस्व र कुल गार्हस्थ उत्पादनको अनुपात बढ्दै गएर चालु आ.ब. २०७५/७६ मा २४.८१ प्रतिशत पुगेको छ।कर राजस्व र कुल गार्हस्थ उत्पादनको अनुपात आ.ब. २०६७/६८ को १२.४८ प्रतिशतबाट बढेर आ.ब. २०७५/७६ मा २१.९१ प्रतिशत पुगेको छ।यस अवधिमा मूल्य अभिवृद्धि कर संकलनमा भएको वृद्धिबाट आयकर तथा अन्तःशुल्क जस्ता आन्तरिक कर संकलनमा समेत सहयोग पुगेको छ । मूल्य अभिवृद्धि कर र कुल गार्हस्थ उत्पादनको अनुपात आ.ब. २०६७/६८ मा ४.४८ प्रतिशत रहेकोमा आ.ब. २०७५/७६ मा ७ प्रतिशत पुगेको छ । यस अवधिमा आयकर र कुल गार्हस्थ उत्पादनको अनुपात आ.ब. २०६७/६८ को ३.०१ प्रतिशतबाट बढेर ५.५७ प्रतिशत पुगेको छ भने अन्तःशुल्क र कुल गार्हस्थ उत्पादनको अनुपात आ.ब.२०६७/६८ को १.९२ प्रतिशतबाट वृद्धि भएर आ.ब. २०७५/७६ मा ३.५२ प्रतिशत पुगेको छ ।(तालिका १ हेर्नुहोस)

तालिका १ : राजस्व असुली र कुल गार्हस्थ उत्पादनबीचको अनुपात


| | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ |
|---|---|---|---|---|---|---|---|---|---|
| कुल राजस्व र कुल गार्हस्थ्य उत्पादनको अनुपात | १४.४५ | १६.३४ | १७.४४ | १८.२० | १९.०५ | २१.३९ | २२.७८ | २४.१६ | २४.८१ |
| कर राजस्व र कुल गार्हस्थ उत्पादनको अनुपात | १२.४८ | १३.८६ | १५.२९ | १५.९० | १६.७१ | १८.६९ | २०.४७ | २१.७६ | २१.९१ |
| मू.अ.कर र कुल गार्हस्थ उत्पादनको अनुपात | ४.४८ | ४.६४ | ४.९२ | ५.१५ | ५.२८ | ५.४३ | ५.९९ | ६.२८ | ६.९७ |
| आयकर र कुल गार्हस्थ उत्पादनको अनुपात | ३.०१ | ३.३६ | ३.७९ | ३.८५ | ४.०४ | ५.२१ | ५.५४ | ५.२७ | ५.५७ |
| अन्तःशुल्क र कुल गार्हस्थ उत्पादनको अनुपात | १.९२ | १.९७ | २.१४ | २.३१ | २.५१ | २.९२ | ३.१७ | ४.१४ | ३.५२ |

*स्रोतः आ.रा.वि.को तथ्याङ्क*

कुल कर राजस्व परिचालनमा आन्तरिक राजस्व विभागको योगदान क्रमशः वृद्धि भइरहेको छ । आ.ब. २०६८/६९ मा रु. ९७.३६ अर्ब कर संकलन भएकोमा आ.ब. २०७५/७६ मा रु.३५८.३५ अर्ब पुगेको छ । यस अवधिमा राजस्वको वृद्धिदर सरदर २०.६ प्रतिशत रहेको छ। यसलाई उत्साहपूर्ण नै मानिएको छ । कुल कर राजस्वमा आन्तरिक राजस्व विभागको हिस्सा आ.ब. २०६८/६९ मा करिब ४६ प्रतिशत रहेकोमा आ.ब. २०७५/७६ मा ४७

प्रतिशत पुगेको छ ।यस अवधिमा वृद्धिदर उच्च रहेता पनि कुनै आ.व.मा सापेक्षित अंशमा केही उतारचढाव रहेको छ ।(आँकडा १ हेर्नुहोस)

**आँकडा १ : कर राजस्वमा आन्तरिक राजस्वको हिस्सा**




*स्रोतः आ.रा.वि.को तथ्याङ्क*


## कार्यमूलक प्रगति तथा सुधार प्रयास

विभागको समग्र कार्यसम्पादन स्तर राजस्व संकलनको दृष्टिकोणले मात्र मापन गरिनु हुदैन । कराधार विस्तार, कर सहभागिता, बक्यौता संकलन तथा न्युनीकरण, राजस्व जोखिम विश्लेषण, कर परीक्षण एवम् कर निर्धारण, कर प्रणाली सुधार लगायत गुणस्तरीय तथा छरितो करदाता सेवा समेतलाई आधार मानी समीक्षा गर्नुपर्दछ ।

## कराधार विस्तार

कर नीतिले करधार विस्तारलाई उच्च प्राथमिकतामा राखेको छ । विगत ८ बर्षमा करदाताको दर्ता संख्यामा सरदर १४.१ प्रतिशतले बृद्धि भएबाट करको दायरा विस्तारमा समेत सुधार हुदै गएको देखाउछ।आ.ब. २०६८/६९ मा व्यवसायिक स्थायी लेखा नम्बर (Business-PAN) तथा व्यक्तिगत स्थायी लेखा नम्बर (Personal-PAN) सहितको कुल करदाता संख्या ८,१०,४७४ रहेकोमा आ.ब. २०७५/७६ मा व्यवसायिक स्थायी लेखा नम्बर (B-PAN) ११,७९,९३० तथा व्यक्तिगत स्थायी लेखा नम्बर (P-PAN) ९,९३,९७९ सहितको कुल करदाताको संख्या २१,७३,९०९ पुगेको छ । व्यवसायिक स्थायी लेखा नम्बर र व्यक्तिगत स्थायी लेखा नम्बरको सरदर बृद्धि दर क्रमशः १३.६ प्रतिशत र २९.७ प्रतिशत रहेको छ । दर्ता भएका कुल करदाता मध्ये मूल्य अभिवृद्धि करमा दर्ता हुनेको संख्या आ.ब. २०६८/६९ मा ९४,०३१ रहेकोमा वार्षिक औसत १० प्रतिशतका दरले बृद्धि भई आ.ब. २०७५/७६ मा २,१४,१०९ पुगेको छ।यसैगरी आ.व.२०६८/६९ मा २३,८३७ करदाताले अन्तःशुल्क ईजाजत लिएकामा आ.व.२०७५/७६ मा ७८,८०७ पुगेको देखिन्छ (आँकडा २ हेर्नुहोस)

**आँकडा २: करदाता संख्या (२०७६ आषाढ मसान्तसम्मको)**




| | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ |
|---|---|---|---|---|---|---|---|---|
| B-PAN | ५३९०१४ | ६२३४३९ | ६८४५५२ | ७६५६०५ | ८४००१८ | ९३४६५८ | १०२३१०१ | ११७९९३० |
| P-PAN | २७१४६० | ३५६०६२ | ४३२९४७ | ५२६७४० | ६०२८०० | ६८८४२० | ७६६६४६ | ९९३९७९ |
| Excise | २३८३७ | ३६१७४ | ३४९६७ | ३६२५१ | ४२४९५ | ५४६५७ | ६५५११ | ७८८०७ |
| VAT | ९४०३१ | १०८५८० | १२४३९६ | १४५०३३ | १५८६३५ | १७४८९४ | १९४५४७ | २१४१०९ |
| Total Taxpayers | ८१०४७४ | ९७९५०१ | १११७४९९ | १२९२३४५ | १४४२८१८ | १६२३०७८ | १७८९७४७ | २१७३९०९ |

B-PAN P-PAN Excise VAT Total Taxpayers

*स्रोतः आ.रा.वि.को तथ्याङ्क*

## मूल्य अभिवृद्धि कर विवरण


आँकडा ३ ले मूल्य अभिवृद्धि कर प्रणालीमा कर विवरण परिपालनाको पछिल्लो अवस्था देखाउँछ ।अझै पनि मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता मध्ये २६.८ प्रतिशतले समयमा कर विवरण पेश गरेको देखिदैन।यस्तो प्रवृत्तिमा सुधार ल्याउनका लागि विभागले नयाँ र थप उपायहरु पहिचान गरी ठोस र बस्तुनिष्ठ कार्ययोजना तयार गरी कार्य गर्नु पर्ने देखिएको छ।कर सम्बन्धी जानकारी नभएको कारणबाट विवरण नबुझाउने करदाताहरुलाई करदाता शिक्षा र सेवामार्फत क्षमता विस्तार गर्ने र जानाजान कर विवरण नबुझाउने करदातालाई कर कानूनको प्रभावकारी कार्यान्वयन गरी कर विवरण संकलन गर्नु पर्ने देखिएको छ ।(आँकडा ३ हेर्नुहोस)




*स्रोतः आ.रा.वि.को तथ्याङ्क*

आँकडा ४ ले करदाताले पेश गरेका कर विवरणहरुको अवस्था देखाएको छ । पछिल्लो तीन वर्षमा डेबिट विवरण ११ देखि १३ प्रतिशत, क्रेडिट विवरण ५२ देखि ५५ प्रतिशत र शून्य विवरण ३२ देखि ३७ प्रतिशतसम्म भएको देखिन्छ । कर विवरणहरुको तथ्याङ्क विश्लेषण गर्दा प्रत्येक वर्षको आषाढ महिनामा डेबिट विवरणको संख्या बढ्ने, क्रेडिट विवरणहरुको संख्या घट्ने तर अन्य ११ महिनाहरुमा डेबिट विवरणको संख्या घट्ने, क्रेडिट विवरणहरुको संख्या बढ्ने प्रवृति रहेको देखिएको छ ।(आँकडा ४ हेर्नुहोस)

**आंकडा ४ मू.अ.कर विवरणको संरचना**




*स्रोतः आ.रा.वि.को तथ्याङ्क*

## आय विवरण

तालिका २ ले आय विवरण, आय विवरणको संरचना, कारोबार रकम, दाखिला भएको आयकरको विवरण प्रस्तुत गरेको छ । जस अनुसार आर्थिक वर्ष २०७४/७५ मा करिब ४८.४ प्रतिशत करदाताले आय वर्ष २०७३/७४ को आय विवरण पेश गरेनन् । पेश भएका कुल ४,८२,६४१ आय विवरण मध्ये पूर्वानुमानित आय विवरण (डे-०१) ५८.९ प्रतिशत, कारोबारमा आधारित कर विवरण (डे-०२) ०.८ प्रतिशत, निकायहरुको शून्य आय विवरण २०.९ प्रतिशत र करयोग्य आय सहितको निकायहरुको आय विवरण १९.५ प्रतिशत रहेको छ । आयकर असुलीको संरचना विश्लेषण गर्दा पूर्वानुमानित आय विवरण मार्फत १.१ प्रतिशत, कारोबारमा आधारित कर विवरण मार्फत ०.१ प्रतिशत, र निकायहरुको आय विवरण मार्फत ९८.७ प्रतिशत योगदान रहेको छ ।(तालिका २ हेर्नुहोस)

**तालिका २: आर्थिक वर्ष २०७३/७४ को आय विवरण**


| | विवरणको संख्या | कर विवरणको संरचना (%) | कारोबार रकम (रु. अर्बमा) | आयकर रकम(रु. लाखमा) | आयकरको संरचना (%) | करदताको संरचना (%) |
|---|---|---|---|---|---|---|
| D01 (Presumptive Tax) | २८४२६३ | ५८.९ | २९६.९७ | ०.८८ | १.१ | ३०.४ |
| D02 (Turnover Tax) | ३६२६ | ०.८ | १२.२३ | ०.०९ | ०.१ | ०.४ |
| D03 with tax payable | ९३९०८ | १९.५ | ४२२२.८ | ७६.५६ | ९८.७ | १०.० |
| D03 with zero returns | १००८४४ | २०.९ | ० | ० | ० | १०.८ |
| Total Income Tax Returns | ४८२६४१ | १०० | ४५३२ | ७७.५३ | १०० | ५१.६ |
| Income Tax Nonfiler | ४५२०१७ | ४८.४ | | ० | | ४८.४ |
| Taxpayers (Upto 2074 Asar) | ९३४६५८ | | | | | |
| No of Taxpayer contributing zero tax | | | | | | ५९.२ |

*स्रोतः आ.रा.वि.को तथ्याङ्क*

माथि तालिका २ बमोजिम आय वर्ष २०७३/७४ को अन्त्यसम्मका सक्रिय व्यवसायिक करदाताहरुमध्ये करिब १० प्रतिशत करदाताले डे -०३ आय विवरण पेश गरी कुल आयकरको करिब ९८.७ प्रतिशत कर घोषणा गरेका छन् भने करिब ३०.४ प्रतिशत करदाताले पूर्वानुमानित आय विवरण अर्थात डे-०१ पेश गरी करिब १.१ प्रतिशत कर दाखिला गरेका छन् । करिब १०.८ प्रतिशत करदाताले शून्य आय विवरण पेश गरेका छन् भने करिब ४८.४ प्रतिशत करदाताहरुले आय विवरण पेश गरेनन् । अतः आर्थिक वर्ष २०७३/७४ मा करिब ४०.८ प्रतिशत करदाताहरुले मात्र आयकर भुक्तानी गरेका छन् भने करिब ५९.२ प्रतिशत करदाताको योगदान शून्य रहेको देखियो।

## कर बक्यौता

आँकडा ५ ले उठाउन बाँकी पछिल्लो कर बक्यौता देखाउँछ । आर्थिक वर्ष २०७५/७६ को कुल कर बक्यौता रु. ९६.२१ अर्ब रुपैयाँ मध्ये रु.५२.६२ अर्ब आन्तरिक राजस्व विभाग, राजस्व न्यायाधिकरण र विभिन्न अदालतमा कानूनी विवादमा रहेको छ भने रु.४३.५८ अर्ब बक्यौता कानून बमोजिम असुली गर्न सकिन्छ । आयकर बक्यौता रु. ७१.७७ अर्ब रुपैयाँ मध्ये रु.३९.५८ अर्ब आन्तरिक राजस्व विभाग, राजस्व न्यायाधिकरण र अदालतमा कानूनी विवादमा रहेको छ भने रु.३२.१९ अर्ब बक्यौता कानून बमोजिम असुली गर्न सकिन्छ । मूल्य अभिवृद्धि कर बक्यौता रु.२४.४४ अर्ब लगत रहेको छ । सो मध्ये १३.०५ अर्ब आन्तरिक राजस्व विभाग, राजस्व न्यायाधिकरण र अदालतमा कानूनी विवादमा रहेको छ भने रु.११.३९ अर्ब बक्यौता कानून बमोजिम असुली गर्न सकिन्छ ।(आँकडा ५ हेर्नुहोस)




*स्रोतः आ.रा.वि.को तथ्याङ्क*

## जोखिम विश्लेषण, कर परीक्षण तथा अनुसन्धान

करयोग्य कारोबार गर्ने तर करको दायरामा नआउने, करको दायरामा आएका मध्ये केहीले आय विवरण, कर विवरण पेश नगर्ने, आय विवरण एवम् कर विवरण मार्फत घोषणा गरेको कर दायित्व चुक्ता नगर्ने, आय विवरण, अधुरो वा त्रुटीपूर्ण विवरण पेश गर्ने, कर विवरण पेश गर्दा कारोबार लुकाउने, कर छली र कर चुहावट गर्ने जस्ता कर जाखिमका क्षेत्रहरु पहिचान गरी जोखिममा आधारित परिसूचककहरु निर्माण गरिएको छ । उक्त परिसूचककहरुको आधारमा विभाग तथा कार्यालयले उच्च जोखिम भएका करदाताहरुको छनौट गरी जोखिमको दायरा र आयाम बमोजिम द्रुत कर परीक्षण, चालु वर्षको कारोबारको कर परीक्षण, अन्तर सम्बन्धित करदाताहरुको समूहगत कर परीक्षण, पूर्ण कर परीक्षण, अनुसन्धानमूलक कर परीक्षण गरी जोखिमको सम्बन्धमा छानबिन तथा जाँच गरिन्छ ।

आर्थिक वर्ष २०७१/७२ मा ३७,४९१ अर्थात आयकरमा दर्ता करदाता मध्ये ८ प्रतिशत करदाताको कर परीक्षण गरिएकोमा आर्थिक वर्ष २०७५/७६ मा यो संख्या घटेर २५,५८७ अर्थात ३.६ प्रतिशत करदाताको मात्र कर परीक्षण सम्पन्न गरिएको छ । उक्त अवधिमा कर परीक्षणबाट माग भएको रकममा भने वृद्धि भएको छ । आर्थिक वर्ष २०७१/७२ मा कर परीक्षणबाट प्रति कर विवरण माग गरिएको रकम करिब रु. ३ लाख १ हजार रहेकोमा आर्थिक वर्ष २०७५/७६ मा वृद्धि भई करिब रु. ६ लाख ४० हजार पुगेको छ । विगत पाँच वर्षको अवधिमा कर परीक्षणबाट माग भएको रकम आ. ब. २०७१/७२ मा रु. ११ अर्ब ४८ करोडबाट वृद्धि भई रु. ६० अर्ब ८२ करोड पुगेको छ । (तालिका ५ हेर्नुहोस्) ।

**तालिका ३: कर परीक्षणको अवस्था (Audit Coverage)**

| आर्थिक वर्ष | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ |
|---|---|---|---|---|---|
| पूर्ण कर परीक्षण संख्या (पूर्ण कर परीक्षण, कर विवरण नदिनेको र दर्ता खारेजीको कर परीक्षण) | ८८२६ | ९५७२ | ९०८२ | ९३८१ | ८३५९ |
| आंशिक कर परीक्षण संख्या (मौज्दात सम्पुष्टि, लिंक र चालु वर्ष) | ८५४ | १३४३ | ९६२ | ८४५ | ८१६ |
| अनुसन्धानात्मक कर परीक्षण संख्या (विस्तृत अनुसन्धान र विद्युतीय तथ्यांक छानविन) | १६६७ | ११५४ | १०३१ | ९२६ | ८१३ |
| स्रोतमा कर कट्टीको परीक्षण संख्या | १४११ | १४०३ | १३७५ | १२०२ | १९९७ |
| स्रोतमा करकट्टीको परीक्षणबाट माग रकम (रु.अर्बमा) | ०.२६ | ०.३५ | ०.४१ | १.०९ | १.०८ |
| द्रुत कर परीक्षण (Rapid Verification) को संख्या | २४७३३ | ३१९३४ | १२९५३ | १००७३ | ८१०६ |
| मू.अ.करको कर परीक्षण (MA)बाट माग रकम (रु.अर्बमा) | २.४६ | २.०३ | २.१३ | ३.४ | ३.७३ |
| संशोधित कर परीक्षणबाट माग रकम (रु.अर्बमा) | ८.६२ | ८.०२ | ७०.४८ | २१.१३ | ५५.५६ |
| अन्तःशुल्क मूल्याङ्कन रकम (रु.अर्बमा) | ०.१४ | ०.०८ | ०.२६ | १.१७ | ०.४५ |
| जम्मा कर परीक्षण संख्या | ३७४९१ | ४५३९६ | २५४०३ | २२४२७ | २५५८७ |
| कुल माग भएको कर रकम (रु.अर्बमा) | ११.४८ | १०.४८ | ७३.२८ | २६.७९ | ६०.८२ |
| प्रति कर परीक्षण कर माग रकम (रु.लाखमा) | ३.१ | २.३ | २८.८ | ११.९ | २३.८ |
| एक विशेष किसिमको कर विवरणको कर परीक्षणबाट माग भएको रकम (घटाउने) | ० | ० | ६०.७१ | १३.२७ | ४४.४२ |
| कर परीक्षणबाट माग भएको समायोजित कर रकम (रु.अर्बमा) | ११.४ | १०.४८ | १२.५७ | १३.५२ | १६.४ |
| प्रति कर विवरण कर परीक्षणबाट माग भएको समायोजित रकम (रु.लाखमा) | ३.१ | २.३ | ४.९ | ६.० | ६.४ |

*स्रोतः आ.रा.वि.को तथ्याङ्क*

## प्रणालीगत सुधार

विभागले कर प्रणाली सुधारलाई उच्च महत्व दिंदै विद्युतीय माध्यमबाट करदातालाई सेवा प्रवाह गर्ने गरी प्रणालीगत सुधारहरु गर्दै आइरहेको छ । विभागले कर प्रणालीलाई सूचना संचार तथा प्रविधियुक्त बनाई विद्युतीय माध्यमबाट करदाताहरुको दर्ता गर्ने, कर तथा कर विवरण संकलन गर्ने तथा कर सम्बन्धी अन्य सेवाहरु प्रदान गरिरहेको छ ।करदाताको दर्ता र कर विवरण

अनलाइन पद्धतिबाट गर्न सक्ने गरिएको छ ।२०७४ बैशाखबाट विद्युतीय भुक्तानी सेवा शुरु गरिएको छ । यसबाट कर दाखिला गर्ने करदाताहरुको संख्या र कारोबार रकममा वृद्धि भैरहको छ । विभागको वेभसाइटमा करदाता र कर अधिकारीको लागि छुट्टाछुटै पोर्टल (Portal) को व्यवस्था गरी कर सम्बन्धी जानकारी एवं सूचनामा करदाताहरुको सहज पहुँचको सुनिश्चितता गरिनुका साथै कर गणना एवम् अन्य धेरै सूचना उपलव्ध गराइएको छ ।विभागले गरेका प्रयासहरुको सम्बन्धमा करदाताहरुबाट समेत सकारात्मक प्रतिक्रिया प्राप्त भएका छन् । सन् २०१७ मा गरिएको स्वतन्त्र करदाता सन्तुष्टि सर्वेक्षणले समेत कर प्रशासनले प्रदान गर्दै गरेको सेवाप्रति करदाताहरुको सन्तुष्टिको मात्रा बृद्धि भइरहेको, विभागप्रति सर्वसाधारण जनता र करदाताको सकारात्मक धारणा रहेको पाईएको छ ।

करदाताले कम्प्युटर सफ्टवेयरबाट जारी गर्ने बीजकलाई सोझै विभागको केन्द्रिय सर्भरमा एकीकृत गर्न शुरु गरिएको छ । जसबाट उक्त सर्भरमा आवद्ध करदाताहरुको बिलिङ्ग तथा विक्रीको विवरण यथा समयमा स्वचालित रुपमा (Real Time) प्राप्त भई विभागले जुनसुकै समयमा पनि त्यस्ता करदाताहरुको तथ्यांङ्क विश्लेषण गरी सही ढंगले कर परिपालना नगरेको पाइएमा तत्काल आवश्यक कारवाही गरी काररोपण गर्न सक्दछ ।आयकर, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क पद्धतिलाई कम्प्युटर प्रणालीमा एकीकृत गरी सम्पूर्ण विवरणहरु विद्युतीय प्रणालीमा आवद्ध गरेसँगै करदाताहरुको कर परिपालना लागत र कर प्रशासनको संकलन लागतमा समेत कमी हुदै गएको छ ।

## १.३ कर नीति कार्यान्वयनका चुनौतिहरु

हाम्रो जस्तो राजनीतिक र सामाजिक परिवेश एवम् अर्थतन्त्रको ठूलो अंश अनौपचारिक क्षेत्रले ओगटेको अवस्थामा कर सम्बन्धी कानूनहरुको परिपालना नगर्ने करदाताहरुलाई कर कानून परिपालना गर्न उत्प्रेरित गर्ने र करदाताको स्वयम् कर परिपालनास्तरमा अभिवृद्धि गर्ने कार्य चुनौतिपूर्ण रहेको छ । यसको लागि विभागले बिल लिने दिने बानीको विकास गर्न उपभोक्ता जागरण, करदाता सचेतना लगायतका प्रवर्द्वनात्मक र आवश्यकतानुसार दण्डात्मक उपायहरु समेत अवलम्वन गर्ने गरेको छ । स्वच्छ एवं पारदर्शी कारोवार गरेर यथासमयमा सही र यथार्थ कारोबार घोषणा गरी कर दाखिला गर्न करदातालाई सक्षम र प्रतिबद्ध बनाउने विषयमा देहाय बमोजिमका चुनौतिहरु रहेका छन् ।

- व्यवसायिक कारोबार गर्ने तर करको दायरामा नआएका व्यक्ति तथा निकायहरुलाई करको दायरामा ल्याई कराधार विस्तार गर्ने,
- करदाताहरुमा कर कानूनहरुको परिपालना (Compliance) गर्ने प्रबृतिमा थप सुधार गर्दै कर सहभागिता अभिवृद्धि गर्ने,
- कर बक्यौताको आकारलाई घटाउँदै जाने,
- राजस्व जोखिम पहिचान, सूचना संकलन तथा विश्लेषण गरी कर प्रशासनको करारोपण क्षमता अभिवृद्धि गर्ने,
- कर प्रणाली सुधारलाई थप मजबुत, सुरक्षित, बिस्तृत र करदातामैत्री बनाउने,
- कर परीक्षण गर्ने कार्यलाई परिमाणात्मक तथा गुणात्मकरुपले थप सुधार गर्ने र सबै किसिमका कर परीक्षणलाई अनुसन्धानमूलक बनाउने

- साना व्यवसायीहरुमा कर कानूनको परिपालना गर्ने क्षमता अभिवृद्धि गर्ने,

## १.४ आन्तरिक राजस्व विभागको संगठन तथा दरबन्दी संरचना

नेपाल सरकार, अर्थ मन्त्रालय मातहत आन्तरिक राजस्व विभाग रहेको छ । यस विभागलाई आन्तरिक राजस्वका स्रोतहरुबाट आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, शिक्षा सेवा शुल्कजस्ता प्रत्यक्ष तथा अप्रत्यक्ष कर तथा केही गैरकरहरुको संकलन तथा प्रशासन गर्ने अधिकार रहेको छ ।यस अन्तर्गत हालसम्म एक ठूला करदाता कार्यालय, एक मध्यमस्तरीय करदाता कार्यालय ३८ वटा आन्तरिक राजस्व कार्यालय र १९ वटा करदाता सेवा कार्यालय गरी कुल ५९ वटा कार्यालयहरु रहेका छन् ।

ठूला करदाता कार्यालयको कार्य क्षेत्रमा वार्षिक रु. ८० करोड रुपैया भन्दा बढीको कारोबार गर्ने करदाता पर्दछन् । २०७५ भाद्र १ गते स्थापित मध्यमस्तरीय करदाता कार्यालयको कार्य क्षेत्रमा रु. २५ करोडदेखि रु. ८० करोडसम्म कारोबार गर्ने बैंक, फाइनान्स, बीमा व्यवसाय र सेवा ठेक्का क्षेत्रका करदाता तथा रु. ४० देखि रु.८० करोडसम्मको कारोबार गर्ने अन्य करदाता पर्दछन्।बैंक, फाइनान्स, बीमा व्यवसाय, र सेवा ठेक्का क्षेत्रका रु. २५ करोडसम्म कारोबार गर्ने करदाता तथा रु. ४० करोडसम्म कारोबार गर्ने अन्य करदाता सम्वन्धित आन्तरिक राजस्व कार्यालय अन्तर्गत पर्दछन् ।ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालयले करदाता दर्ता बाहेक कर सम्बन्धी सबै सेवा प्रवाह गर्ने र कर कानूनको कार्यान्वयन गर्दछन् । आन्तरिक राजस्व कार्यालयहरुले कानून बमोजिम तोकिएको भौगोलिक क्षेत्रमा रहेका करदाताहरुलाई दर्ता गर्ने, कर संकलन तथा बक्यौता असुली गर्ने, कर फिर्ता सम्बन्धी कार्य गर्ने र जोखिमका सूचकाङ्कको आधारमा छनौट गरिएका करदाताहरुको व्यवसायको सम्पुष्टि परीक्षण (Verification), कर परीक्षण तथा अनुसन्धान गरी करारोपण गर्ने कार्य गर्दछन् ।आन्तरिक राजस्व कार्यालयका विस्तारित कार्यालयको रुपमा करदाता सेवा कार्यालयहरुले करदाताको दर्ता गर्ने, सेवा प्रदान गर्ने र कर रकम तथा कर विवरण संकलनको जिम्मेवारी पूरा गर्दछन् ।

आन्तरिक राजस्व विभागमा ११२ र विभाग अन्तर्गतका कार्यालयहरुमा १३३० गरी जम्मा १४४२ नेपाल सरकारबाट स्वीकृत दरवन्दीको विभिन्न पदका कर्मचारीहरु कार्यरत छन्। विभागको नेतृत्व नेपाल प्रशासन सेवा अन्तर्गत राजपत्रांकित प्रथम श्रेणीको महानिर्देशकले गर्दछन् । त्यस्तै नेपाल प्रशासन सेवा अन्तर्गत राजपत्रांकित प्रथम श्रेणीका तीन उपमहानिर्देशक र नेपाल विविध सेवा अन्तर्गतका राजपत्रांकित प्रथम श्रेणीका एक जना सूचना प्रविधि विज्ञ रहन्छन् । प्रशासनतर्फका उपमहानिर्देशकहरु क्रमशः संचालन महाशाखा, नीति विश्लेषण तथा व्यवस्थापन महाशाखा र अन्तःशुल्क महाशाखाको नेतृत्व गर्दछन् भने सूचना प्रविधि विज्ञले सूचना प्रविधि व्यवस्थापन महाशाखाको नेतृत्व गर्दछन् । आन्तरिक राजस्व विभागमा ७४ अधिकृत र ३८ सहायक कर्मचारी रहेका छन् जसमध्ये सञ्चालन महाशाखामा २१, नीति विश्लेषण तथा व्यवस्थापन महाशाखामा ६५, अन्तःशुल्क महाशाखामा ९ र सूचना प्रविधि व्यवस्थापन महाशाखामा १६ जनशक्ति कार्यरत रहेका छन् । जनशक्तिको विवरण तालिका ४ मा उल्लेख गरिएको छ ।

**तालिका ४ : आन्तरिक राजस्व विभागको जनशक्ति**

| क्र सं | पद | महानिर्देशक | सञ्चालन महाशाखा | नीति विश्लेषण तथा व्यवस्थापन महाशाखा | अन्तःशुल्क महाशाखा | सूचना प्रविधि व्यवस्थापन महाशाखा | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | महानिर्देशक | १ | | | | | १ |
| २ | उप-महानिर्देशक | | १ | १ | १ | | ३ |
| ३ | सूचना प्रविधि विज्ञ | | | | | १ | १ |
| ४ | निर्देशक | | ७ | ८ | २ | | १७ |
| ५ | सूचना प्रविधि निर्देशक | | | | | २ | २ |
| ६ | निर्देशक (प्रशासन) | | | १ | | | १ |
| ७ | लेखा नियन्त्रक | | | १ | | | १ |
| ८ | उपमहान्यायाधिवक्ता | | | १ | | | १ |
| ९ | शाखा अधिकृत (राजस्व) | | १३ | ११ | ४ | | २८ |
| १० | लेखा अधिकृत | | | १ | | | १ |
| ११ | शाखा अधिकृत (प्रशासन) | | | १ | | | १ |
| १२ | शाखा अधिकृत (सरकारी वकिल) | | | १ | | | १ |
| १३ | शाखा अधिकृत (कानून) | | | १ | | | १ |
| १४ | कम्प्युटर इञ्जिनियर | | | | | ४ | ४ |
| १५ | सूचना सुरक्षा अधिकृत | | | | | १ | १ |
| १६ | कम्प्युटर अधिकृत | | | | | ८ | ८ |
| १७ | केमिस्ट | | | | १ | | १ |
| १८ | सहायक खाद्य गुण नियन्त्रक | | | | १ | | १ |
| १९ | ना. सु. | | | १० | | | १० |
| २० | लेखापाल | | | १ | | | १ |
| २१ | डाटा इन्ट्री सुपरभाइजर | | | १० | | | १० |
| २२ | चालक | | | ८ | | | ८ |
| २३ | कार्यालय सहयोगी | | | ९ | | | ९ |
| | **जम्मा** | १ | २१ | ६५ | ९ | १६ | ११२ |

*स्रोतः संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन*

विभाग अन्तर्गत कार्य सञ्चालन स्तरका कार्यालयहरुमा १३३० कर्मचारीको दरबन्दी व्यवस्था भएको छ । आन्तरिक राजस्व कार्यालयहरुमा करदाता सेवा शाखा, कर संकलन शाखा, कर परीक्षण तथा अनुसन्धान शाखा गरी तीन शाखाहरु रहन्छन् भने ठूला करदाता कार्यालय र मध्यमस्तरीय करदाता कार्यालयमा कर परीक्षण शाखा र अनुसन्धान शाखा बेग्लाबेग्लै रहने व्यवस्था छ। ठूला करदाता कार्यालय र मध्यमस्तरीय करदाता कार्यालयलाई नेपाल प्रशासन सेवाका राजपत्रांकित प्रथम श्रेणीका अधिकृतले नेतृत्व गर्दछन् । आन्तरिक राजस्व कार्यालयको नेतृत्व नेपाल प्रशासन सेवा, राजस्व समूहका राजपत्रांकित द्वितीय श्रेणीका अधिकृतहरुले गर्दछन् । करदाता सेवा कार्यालयको नेतृत्वमा नेपाल प्रशासन सेवा, राजस्व समूहका राजपत्रांकित तृतीय श्रेणीका अधिकृतहरु रहने व्यवस्था छ । देशभरका कार्य सञ्चालनस्तरमा रहेका ५९ कार्यालयको स्वीकृत दरबन्दी १३३० मध्ये १०१५ कर्मचारी कार्यालयको मुख्य कार्यसम्पादन गर्न संलग्न रहन्छन् भने बाँकी २७५ जना सहयोगी भूमिकामा काम गर्दछन् । तहगतरुपमा उक्त कर्मचारीहरु मध्ये करिब ३२ प्रतिशत अधिकृत स्तरका, ४७ प्रतिशत सहायकस्तरका र २१ प्रतिशत सहयोगीस्तरका रहेका छन् ।

# २. तेस्रो सुधार कार्ययोजनाका नीतिगत आधारहरु

## २.१ प्रमुख नीतिगत परिवर्तनहरुः

नेपालको संविधानले शासकीय स्वरुपलाई एकात्मकबाट संघात्मक व्यवस्थामा परिवर्तन गरेको छ। संविधानले संघ, प्रदेश र स्थानीय तहलाई एकल तथा साझा अधिकार प्रदान गरेको छ । संविधान र यस अन्तर्गत बनेका कानूनहरुले विभिन्न तहका सरकारलाई कर नीति र कर कानूनहरु निर्माण गर्न, करको दर निर्धारण गर्न, कर संकलन तथा अन्य प्रशासन गर्ने अधिकारहरु प्रदान गरेका छन् । आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क संघीय सरकारको क्षेत्राधिकार भित्र पर्दछ । वित्तीय संघीयतालाई प्रभावकारी बनाउन, सरकारहरु बीच सूचना आदान प्रदान, सहयोग र समन्वय गर्न, कर सम्बन्धी कानूनहरुको कार्यान्वयन गर्न र एकीकृत कर प्रणालीलाई थप सुधार गर्न विभागले योजनाबद्ध प्रयास गरिरहेको छ ।

## २.२ राजस्व नीति

आयातमा निर्भर कर प्रणालीलाई क्रमशः आन्तरिक आर्थिक क्रियाकलापमा आधारित तुल्याई दिगो कर प्रणालीमा रुपान्तरण गर्ने, वैज्ञानिक, अनुमानयोग्य र पारदर्शी कर प्रणालीमार्फत लगानीयोग्य वातावरण सिर्जना गर्ने, दक्ष, व्यवसायिक, स्वच्छ, सुदृढ एवम् करदातामैत्री कर प्रशासनको विकास गर्ने, प्रक्रियागत सरलीकरण र सूचना प्रविधिको प्रयोग बढाई कर सहभागिता अभिवृद्धि गर्ने नीति रहेको छ ।

वार्षिक नीति तथा कार्यक्रम, राजस्व नीति, कर नीति, कर कानून, तथा रणनीतिक योजनाको आधारमा वार्षिक राजस्व लक्ष्य तथा कार्यमूलक लक्ष्य निर्धारण गरिन्छ । आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र अन्य कर तथा गैरकर नीति तथा कानूनहरु कार्यान्वयन गर्ने सिलसिलामा विभाग तथा मातहतका कार्यालयहरुवाट मुख्य मुख्य कार्य जिम्मेवारीहरुको आधारमा राजस्व संकलन तथा कार्यमूलक परिसूचक निर्धारण गर्ने र सोका आधारमा वार्षिक तथा मासिक कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने गरिन्छ । उक्त नीति, कानून तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग पुग्ने गरी प्रस्तुत सुधार कार्ययोजनामा कार्यविधिगत, प्रक्रियागत र प्रणालीगत विकास र सुधारका क्षेत्रहरुलाई समावेश गरिएको छ ।

## २.३ दोस्रो रणनीतिक योजना

दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७५/७६-२०७९/८०) ले कर कानूनहरुको कार्यान्वयन गर्न उपयुक्त कार्यनीतिहरु निर्माण गर्ने, प्रगतिशील, समतामूलक र लगानीमैत्री कर नीति तथा प्रणाली निर्माण गर्न नेपाल सरकारलाई राय सुझाव दिने, करदाता सेवालाई थप गुणस्तरीय बनाउने र विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने उद्देश्य लिएको छ । रणनीतिक योजनाका उद्देश्य हासिल गर्न लिइएका चार विकास लक्ष्यहरु निम्नानुसार रहेका छन्:

- कर नीतिमा सुधार
- करदाता सेवा र शिक्षाको अभिवृद्धि

- कानूनको परिपालनामा सुधार
- संरचनात्मक तथा प्रणालीगत सुधार

दोस्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनले कर प्रणालीमा गुणात्मक सुधार हुने अपेक्षा गरिएको छ ।उक्त योजनाको मूल्यांकन गर्न देहाय बमोजिमका कार्यसम्पादन सूचकहरु निर्धारण गरिएका छन्:

**तालिका ५ : कार्यसम्पादन** (Performance) **सूचकहरु**

| मूख्य कार्यसम्पादन परिसूचकहरु | अधार वर्ष (२०७४/७५) | २०७९/८० को प्रक्षेपित उपलब्धि |
|---|---|---|
| कर राजस्व : कुल गार्हस्थ उत्पादन अनुपात | २१.७६ | २५ प्रतिशत |
| आयकर : कुल गार्हस्थ उत्पादन अनुपात | ५.२७ | ७ प्रतिशत |
| मूल्य अभिवृद्धि कर : कुल गार्हस्थ उत्पादन अनुपात | ६.२८ | ९ प्रतिशत |
| अन्तःशुल्क : कुल गार्हस्थ उत्पादन अनुपात | ४.१४ | ५ प्रतिशत |
| करदाता संख्या | १८ लाख | ३० लाख |
| विद्युतीय माध्यमबाट दर्ता र फाइलिङ्ग | १०० प्रतिशत | १०० प्रतिशत |
| मूल्य अभिवृद्धि करको कर विवरण नदिने | २८.७० प्रतिशत | १० प्रतिशत |
| मूल्य अभिवृद्धि करको डेबिट कर विवरण दिने | १४.०६ प्रतिशत | २० प्रतिशत |
| आयकरको आय विवरण नदिने | ४८.४ प्रतिशत | ३० प्रतिशत |
| कर परीक्षण तथा अनुसन्धान | १.०९ प्रतिशत | ५ प्रतिशत |

*स्रोतः आ.रा.वि.को तथ्याङ्क*

विभागले विगतदेखि कार्यान्वयन गर्दै आएको कर नीति तथा कर प्रणाली सुधार कार्यलाई निरन्तरता दिँदै हाल कार्यान्वयनमा रहेको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाका उद्देश्य तथा यसले अपेक्षा गरेका उपलब्धिहरु हासिल गर्न तेस्रो सुधार कार्ययोजना तर्जुमा गरिएको छ ।

# ३. तेस्रो सुधार कार्ययोजना

दोस्रो रणनीतिक योजनाका उद्देश्यहरुका आधारमा तेस्रो सुधार कार्ययोजना (२०७५/७६-२०७७/७८) तयार गरिएको छ । यो सुधार कार्ययोजना विगतको सुधार योजनाहरु, विभागका वार्षिक प्रतिवेदनहरु, सरकारका विद्यमान राजस्व नीति, बार्षिक बजेटमा समाहित सरकारका नीति तथा कार्यक्रमहरु, विभागको बार्षिक कार्ययोजना, आर्थिक सर्वेक्षण, सरकारको दीर्घकालीन योजना, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष र आर्थिक सहयोग तथा विकास संगठन (ओइसिडि) लगायतका विकास साझेदार संस्थाहरुले प्रकाशित गरेका प्रतिवेदनहरुले कर प्रणाली सुधारका सम्बन्धमा औंल्याएका विषयहरु समेत समावेश गरी तयार गरिएको छ ।

तेस्रो सुधार कार्ययोजनाको पहिलो बर्षको अन्त्यसँगै सम्पन्न भएका केही महत्त्वपूर्ण क्रियाकलापहरु निम्नानुसार छन्ः

१. विद्युतीय माध्यमबाट कर दाखिला गर्ने प्रणाली कार्यान्वयनमा ल्याइएको,
२. पूर्वानुमानित आय विवरण तथा कारोबारमा आधारित कर विवरण पेश गरी कर दायित्व चुक्ता गरेका करदाताहरुले आफैले विद्युतीय माध्यमबाट कर चुक्ता प्रमाणपत्र मुद्रण गर्न सक्ने प्रणाली कार्यान्वयनमा ल्याइएको,
३. कर छलीको अप्रत्यक्ष तरिकाबाट अनुसन्धान गर्नको लागि निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याइएको,
४. जोखिम सूचकाङ्क अध्ययन गर्न गठित समितिको सुझाव प्रतिवेदनको आधारमा जोखिम यन्त्र (Risk Engine) लाई अद्यावधिक गरिएको,
५. विभागीय पुनरावलोकनको लागि मातहत कार्यालयहरुबाट कर परीक्षण भइसकेका कर विवरणको छनौट गर्न Review Selection Engine सफ्टवेयर तयार गरी e-IMS मार्फत कार्यान्वयनमा ल्याइएको,
६. विभाग र नेपाल चाटर्ड एकाउण्टेण्ट्स संस्था (The Institute of Chartered Accountants of Nepal) बीच तथ्यांक आदान प्रदान गर्ने सञ्जाल तयार गरिएको ।

रणनीतिक योजनाका उद्देश्यहरु पूरा गर्नका लागि विभागले कार्यान्वयन गर्नु पर्ने कार्यमूलक सुधार कार्यक्रमहरुलाई तिनको वस्तुगत महत्त्व र तात्कालिक आवश्यकताका दुई आधारमा वर्गीकरण गरिएको छ । विभागको कार्य जिम्मेवारी र प्राथमिकताका हिसाबले महत्त्वपूर्ण र तात्कालिकता दुबैका आधारमा दुई बर्षभित्र गर्नु पर्ने सुधारका क्रियाकलापहरु यस योजनामा समाविष्ट गरिएका छन् । कर प्रणाली सुधारमा महत्त्वपूर्ण रहेका तर तत्काल कार्यान्वयन नगरी नहुने कार्यक्रम तथा क्रियाकलापहरुलाई चौथो सुधार कार्ययोजनामा समावेश गर्ने गरी रणनीतिक योजनाले इंङ्गित गरेका केही विषयहरुलाई यस कार्ययोजनामा समावेश गरिएको छैन ।आगामी दुई बर्षमा कार्यान्वयनमा ल्याउनु पर्ने रणनीतिक योजनामा समावेश भएका विषयहरुलाई यस सुधार कार्ययोजनामा समावेश गरिएको छ । साथै क्रियाकलाप पूरा गर्नका लागि शाखागत रुपमा जिम्मेवारी तोकिएको छ । हरेक क्रियाकलापको मुख्य प्रतिफल सूचक समेत निर्धारण गरी प्रस्तुत गरिएको छ ।

## उद्देश्य १. कर नीतिमा सुधार गर्ने

रणनीतिक योजनाको पहिलो रणनीतिक उद्देश्यको रुपमा रहेको कर नीति सुधार अन्तर्गत देहाय अनुसारका चार वटा विकासात्मक उद्देश्यहरु रहेका छन्ः

१.१ आर्थिक बृद्धि र लगानी प्रोत्साहन हुने गरी कर नीतिमा सुधार गर्ने,

१.२ कराधारको विस्तार र संरक्षण गर्ने,

१.३ कर कानून र कार्यविधिगत ढाँचाहरु बीच सामाञ्जस्यता कायम गर्ने,

१.४ अनुसन्धान र विकासमा आधारित भई उपयुक्त नीति सिफारिश गर्ने ।

कर नीतिमा सुधार गर्ने सम्बन्धी उद्देश्यहरुको प्राप्तिको लागि निम्न अनुसारका कार्यक्रम तथा क्रियाकलापहरु निर्धारण गरिएको छ ।

तालिका ६ : कर नीति सुधार कार्ययोजना (२०७५/७६-२०७७/७८)

| क्र. स. | उद्देश्य/रणनीति/क्रियाकलाप | जिम्मेवार शाखा | सहयोगी शाखा | समय सीमा/वर्ष | प्रतिफलको मुख्य सूचक |
|---|---|---|---|---|---|
| १.१ | लगानीकर्तालाई जानकारी दिने उद्देश्यले कर कानून, करका दर, कर छुट तथा सुविधा सम्बन्धी व्यवस्थाका बारेमा नेपाली तथा अंग्रेजी भाषामा पुस्तिका तयार गर्ने | नीति विश्लेषण | | वर्ष ३ | पुस्तिका प्रकाशन |
| १.२ | विद्यमान सबै कर छुट, सुविधाहरु (Tax Expenditures) को तथ्यांक देखिने गरी एकीकृत कर पद्धतिमा सुधार गर्ने | कर प्रणाली सुधार | | वर्ष ३ | सफ्टवेयरको एकीकृत कर प्रणालीमा एकीकरण |
| १.३ | राजस्व विश्लेषण तथा पूर्वानुमान क्षमतालाई अभिवृद्धि गर्ने | कर संकलन | योजना तथा मानव संशाधन /प्रा.सहयोग | वर्ष ३ | कर अनुमानित प्रतिवेदन |
| १.४ | आय आर्जन गरेका तर करको दायरामा नआएका व्यक्तिहरुलाई करको दायरामा ल्याउने कार्यक्रम कार्यान्वयन गर्ने | करदाता सेवा | | नियमित | व्यक्तिगत स्थायी लेखा नम्बर |
| १.५ | व्यवसायिक कारोबार गरेका तर करको दायरामा नआएका व्यक्तिहरुलाई करको दायरामा ल्याउने कार्यक्रम कार्यान्वयन गर्ने | करदाता सेवा | | नियमित | व्यवसायिक स्थायी लेखा नम्बर |
| १.६ | करको दायरामा आएका करदाताको कर सहभागिता अभिवृद्धि गर्ने | करदाता सेवा | वक्यौता तथा बेरुजु | नियमित | आय /कर विवरण तथा बक्यौता विवरण |
| १.७ | कर सम्बन्धी ऐन, नियम तथा निर्देशिकाहरुलाई आर्थिक ऐनले गरेको परिवर्तन अनुरुप अद्यावधिक गर्ने | नीति | | नियमित | अद्यावधिक निर्देशिका प्रकाशन |
| १.८ | अन्तर्राष्ट्रिय कर शाखाको क्षमता अभिवृद्धि गरी दोहोरो कर मुक्ति सम्झौता तथा अन्य वहुपक्षीय कर संरचनाको अध्ययन तथा व्यवस्थापन गर्ने | अन्तर्राष्ट्रिय कर | कर परीक्षण व्यवस्थापन | नियमित | प्रतिवेदन प्रकाशन |

| | | | | | |
|---|---|---|---|---|---|
| १.९ | स्थायी संस्थापन (Permanent Establishment) को कार्य संचालन निर्देशिका तयार गर्ने | नीति विश्लेषण | योजना तथा मानव संशाधन /प्रा.सहयोग | वर्ष २ | निर्देशिका प्रकाशन |
| १.१० | नियन्त्रणमा परिवर्तन (Change in Control) को निर्देशिका तयार गर्ने | नीति विश्लेषण | कर परीक्षण व्यवस्थापन योजना तथा मानव संशाधन /प्रा.सहयोग | वर्ष ३ | निर्देशिका प्रकाशन |
| १.११ | विद्युतीय व्यापार र विद्युतीय माध्यमबाट गरिने कारोबारमा लगाइने कर सम्बन्धी निर्देशिका तयार गर्ने | नीति विश्लेषण | कर परीक्षण व्यवस्थापन योजना तथा मानव संशाधन /प्रा.सहयोग | वर्ष ३ | निर्देशिका प्रकाशन |
| १.१२ | एकल कर संहिता ( Unified Tax Code) तयार गर्ने | कर प्रणाली सुधार | योजना तथा मानव संशाधन /प्रा.सहयोग | वर्ष २, ३ | एकल कर संहिता |

## उद्देश्य २ : करदाता सेवा र शिक्षाको अभिवृद्धि

रणनीतिक योजनाको दोस्रो रणनीतिक उद्देश्य करदाता सेवा र शिक्षाको अभिवृद्धि अन्तर्गत देहायअनुसारका चारवटा विकासात्मक उद्देश्यहरु रहेका छन्:

२.१ करदाताहरुको कर परिपालना लागत र कर प्रशासनको प्रशासनिक लागत कम गर्न करदाता सेवामा सुधार गर्ने,

२.२ कर सम्बन्धी जानकारी एवम् सूचना सामाग्रीहरु निर्माण र अद्यावधिक गरी प्रचार प्रसार गर्ने,

२.३ कर सम्बन्धी अन्तरक्रियाको माध्यमबाट करदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने,

२.४ सेवा प्रवाहको लागि सरोकारवालाहरुसंग सहकार्य गर्ने ।

करदाता सेवा र शिक्षामा सुधारका सम्बन्धमा निर्धारण गरिएका उद्देश्य प्राप्तिका लागि निम्न कार्यक्रम तथा क्रियाकलापहरु निर्धारण गरिएको छ ।

**तालिका ७: करदाता सेवा तथा शिक्षा सम्बन्धी सुधार कार्ययोजना (२०७५/७६-२०७७/७८)**

| क. स. | उद्देश्य/रणनीति/क्रियाकलाप | जिम्मेवार शाखा | सहयोगी शाखा | समय सीमा/वर्ष | प्रतिफलको मुख्य सूचक |
|---|---|---|---|---|---|
| २.१ | करदातालाई कर गणना गर्न सहज हुने गरी निर्माण गरिएको Tax Calculator लाई विस्तार तथा अद्यावधिक गर्ने | करदाता सेवा | सूचना प्रविधि | नियमित | अद्यावधिक Tax Calculator |
| २.२ | विद्युतीय भुक्तानी पद्धतिलाई विस्तार तथा सवलीकरण गर्ने | करदाता सेवा | सूचना प्रविधि | नियमित | विद्युतीय भुक्तानी प्रणालीको विस्तार |
| २.३ | आन्तरिक राजस्व विभागको सञ्चार निर्देशिका तर्जुमा गर्ने | करदाता सेवा | योजना तथा मानव संशाधन/ प्रा.सहयोग | वर्ष २ | निर्देशिका तर्जुमा |

| | | | | | |
|---|---|---|---|---|---|
| २.४ | कर सम्बन्धी सचेतना अभिवृद्धिका लागि छापा तथा विद्युतीय सञ्चार माध्यमको व्यापक उपयोग गर्ने | करदाता सेवा | | नियमित | सूचना सम्प्रेषण |
| २.५ | विभागको वेवसाइटमा ऐन, नियम, निर्देशिका तथा सूचना अपलोड तथा अद्यावधिक गर्ने | करदाता सेवा | नीति विश्लेषण/ सूचना प्रविधि | नियमित | अद्यावधिक वेवसाइट |
| २.६ | करदातासँग विद्युतीय माध्यमबाट सूचना आदान प्रदान गर्ने र त्यसबाट सूचना लिन सक्ने प्रणाली तयार गर्ने | सूचना प्रविधि | करदाता सेवा | वर्ष ३ | करदाताहरुसँग सम्वाद गर्ने (Chat) प्लेटफर्म |
| २.७ | सूचना प्रवाहका लागि विभागमा कल सेन्टर सञ्चालन गर्ने | करदाता सेवा | सूचना प्रविधि | नियमित | कल रेकर्ड |
| २.८ | कर परिपालना लागत सर्वेक्षण गर्ने | करदाता सेवा | योजना तथा मानव संशाधन /प्रा.सहयोग | वर्ष २ | सर्वेक्षण प्रतिवेदन |
| २.९ | करदाता सन्तुष्टि सर्वेक्षण गर्ने | करदाता सेवा | योजना तथा मानव संशाधन /प्रा.सहयोग | वर्ष ३ | सर्वेक्षण प्रतिवेदन |
| २.१० | करदाता शिक्षा कार्यक्रमका लागि करको विशेष मुद्दामा आधारित शिक्षण सामग्री तयार गर्ने | करदाता सेवा | योजना तथा मानव संशाधन /प्रा.सहयोग | वर्ष २, ३ | शिक्षण सामग्री |
| २.११ | कर सूचना तथा परामर्शका लागि कर सेवा केन्द्र स्थापना गर्ने | करदाता सेवा | प्रशासन | नियमित | सुचना सेवा केन्द्रको स्थापना |

## उद्देश्य ३ : कानून कार्यान्वयन (Law Enforcement) मा सुधार

रणनीतिक योजनाको तेस्रो रणनीतिक उद्देश्य कर सम्बन्धी कानूनहरुको कार्यान्वयनमा सुधार अन्तर्गत देहाय अनुसारका चार वटा विकासात्मक उद्देश्यहरु रहेका छन्:

३.१ सूचना सञ्जालमा सुधार गर्ने,

३.२ कर परिपालना नभएको विषय र क्षेत्र पहिचान गरी कर प्रशासनको पहुँच कायम गर्ने,

३.३ उच्च कर जोखिम भएका करदाताहरुको कर परीक्षण तथा अनुसन्धान गर्ने,

३.४ कर परिपालना सुनिश्चित गर्न अन्य नियामक निकायहरुसँग सहकार्य गर्ने ।

उक्त विकासात्मक उद्देश्यहरु हासिल गर्नका लागि कार्यान्वयन गर्नु पर्ने सुधार कार्यक्रम तथा क्रियाकलापहरु तालिकामा समावेश गरिएको छ । उक्त कार्यहरुले राजस्व जोखिम विश्लेषण गर्न,

आन्तरिक र वाह्य सूचनाहरुको संकलन तथा भण्डारण गर्न र तथ्य एवं सूचनामा आधारित कर परीक्षण तथा अनुसन्धान कार्य गर्नका लागि मद्दत पुग्नेछ।

**तालिका ८ : कर कानूनको कार्यान्वयन सुधार कार्य योजना (२०७५/७६-२०७७/७८)**

| क्र. स. | उद्देश्य/रणनीति/क्रियाकलाप | जिम्मेवार शाखा | सहयोगी शाखा | समय सीमा/वर्ष | मुख्य प्रतिफल सूचक |
|---|---|---|---|---|---|
| ३.१ | आय विवरण, कर निर्धारण, कर दाखिला, बक्यौता समेत देखिने गरी Audit Trial Report तयार हुने गरी प्रणालीमा सुधार गर्ने | कर परीक्षण | सूचना प्रविधि | वर्ष ३ | सफ्टवेयरको स्तरीकरण |
| ३.२ | स्वचालित रुपमा अन्तःशुल्कको अन्तिम कर निर्धारण आदेश तयार गर्ने गरी एकीकृत कर प्रणालीको स्तरीकरण गर्ने | अन्तःशुल्क | सूचना प्रविधि | वर्ष ३ | सफ्टवेयरको स्तरीकरण |
| ३.३ | अन्तशुल्क विवरण, कर निर्धारण, कर दाखिला, बक्यौता समेत देखिने गरी Audit Trial Report तयार हुने गरी प्रणाली विकास गर्ने | अन्तःशुल्क | सूचना प्रविधि | वर्ष ३ | सफ्टवेयरको स्तरीकरण |
| ३.४ | केन्द्रिय बीजक अनुगमन प्रणालीमा थप करदाताहरुको आवद्धताका लागि प्रणालीको थप विकास र विस्तार गर्ने | सूचना संकलन अनुसन्धान तथा जोखिम विश्लेषण | योजना तथा मानव संशाधन /प्रा.सहयोग | वर्ष २, ३ | प्रणालीको विस्तार |
| ३.५ | केन्द्रिय बीजक अनुगमन प्रणालीको प्राविधिक क्षमता विस्तार गर्ने | सूचना प्रविधि | सूचना संकलन अनुसन्धान तथा जोखिम विश्लेषण | नियमित | तथ्याङ्क विश्लेषण |
| ३.६ | विद्युतीय बीजक तथा विद्युतीय माध्यमबाट हुने भुक्तानीलाई कर प्रणालीमा आवद्ध गर्ने गरी प्रणालीको विकास गर्ने | कर प्रणाली सुधार | सूचना प्रविधि | वर्ष २ | प्रणालीको विकास |
| ३.७ | बक्यौता असुली निर्देशिका जारी गर्ने | बक्यौता बेरुजु | नीति विश्लेषण | वर्ष २ | निर्देशिका |
| ३.८ | कर परीक्षण निर्देशिका संशोधन गर्ने | कर परीक्षण व्यवस्थापन | नीति विश्लेषण | वर्ष ३ | निर्देशिका |
| ३.९ | द्रुत कर परीक्षण, स्रोतमा कर कट्टी परीक्षण र पुँजीगत लाभकर कर परीक्षणको निर्देशिका संशोधन गर्ने | कर परीक्षण व्यवस्थापन | नीति विश्लेषण | वर्ष २, ३ | निर्देशिका |
| ३.१० | कर परीक्षणको लागि करदाता छनौट गर्न जोखिम विश्लेषण संयन्त्र (Risk Engine) लाई समयानुकुल अद्यावधिक गर्ने | कर परीक्षण व्यवस्थापन | सूचना प्रविधि | वर्ष ३ | अद्यावधिक जोखिम विश्लेषण संयन्त्र (Risk Engine) |
| ३.११ | कर परीक्षण पुनरावलोकनको लागि करदाता छनौट गर्ने संयन्त्र (Review Selection Engine) थप परिमार्जन गर्ने | कर परीक्षण पुनरावलोकन | सूचना प्रविधि | वर्ष ३ | अद्यावधिक संयन्त्र |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.१२ | सम्बन्धित सरकारी कार्यालयहरु बीच विद्युतीय माध्यमबाट सूचना आदान प्रदान गर्ने प्रणालीको विकास गर्ने | सूचना संकलन अनुसन्धान तथा जोखिम विश्लेषण | सूचना प्रविधि | वर्ष ३ | प्रणालीहरुको अन्तरआवद्धता |
| ३.१३ | भन्सार विभागको ASYCUDA को तथ्यांक स्वचालित रुपमा आदान प्रदान गर्न सक्ने गरी प्रणालीमा सुधार गर्ने | सूचना संकलन अनुसन्धान तथा जोखिम विश्लेषण | सूचना प्रविधि | वर्ष ३ | प्रणालीको विकास/सुधार |

## उद्देश्य ४ : संरचनात्मक तथा प्रणालीमा सुधार

रणनीतिक योजनाको चौथो रणनीतिक उद्देश्य करदाता शिक्षा र सेवाको अभिवृद्धि अन्तर्गत देहाय अनुसारका चार बटा विकासात्मक उद्देश्यहरु रहेका छन्:

४.१ संगठन संरचनामा सुधार गर्ने,

४.२ व्यावसायिक (Professional) तथा क्याडरमा आधारित जनशक्तिको विकास गर्ने कार्य संस्थागत गर्ने,

४.३ संस्थागत क्षमता अभिवृद्धि गर्ने,

४.४ पूर्ण रुपमा विद्युतीय शासन प्रणाली विकास गर्ने ।

उक्त विकासात्मक उद्देश्यहरु प्राप्तिका लागि तल तालिका ९ मा प्रस्तुत गरिएका सुधारात्मक काम कारवाही र क्रियाकलापहरु कार्यान्वयन गर्नु पर्दछ । जसले सांगठनिक संरचना तथा कर प्रशासनको प्रक्रियामा परिवर्तन ल्याउन, कर प्रशासनमा करदाताको पहुँच अभिवृद्धि गर्न, कर प्रशासनलाई व्यावसायिक बनाउन र कर प्रशासनलाई विद्युतीय पद्धतिले दक्ष संगठनमा रुपान्तरण गर्न सघाउ पु-याउँछ।

**तालिका ९: संगठन संरचना तथा पद्धतिका लागि सुधार कार्य योजना**

**(२०७५/७६-२०७७/७८)**

| क्र. स. | उद्देश्य/रणनीति/क्रियाकलाप | जिम्मेवार शाखा | सहयोगी शाखा | समय सीमा/वर्ष | मुख्य प्रतिफल सूचक |
|---|---|---|---|---|---|
| ४.१ | संगठनको पुनःसंरचना र मानव संसाधनको माग सम्बोधनका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने | प्रशासन | अर्थ मन्त्रालय | नियमित | सर्वेक्षण प्रतिवेदन |
| ४.२ | आयकर, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि कर प्रयोजनको लागि स्थायी लेखा नम्बर प्रदान गर्न विद्यमान दर्ता निवेदन तथा कम्प्युटर प्रणालीमा सुधार गर्ने | करदाता सेवा | अर्थ मन्त्रालय/ सूचना प्रविधि | वर्ष २ | निवेदनको ढाँचा/प्रणालीमा सुधार |
| ४.३ | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रसँग समन्वय गरी बार्षिक तालिम कार्यक्रम तयार गर्ने | योजना तथा मानव संसाधन | सा.वि.व्य.ता.के. | नियमित | बार्षिक तालिम योजना |

| | | | | | |
|---|---|---|---|---|---|
| ४.४ | तालिम आवश्यकता लेखाजोखा गर्ने | योजना तथा मानव संशाधन | प्रा.सहयोग | वर्ष २ | तालिम आवश्यकता प्रतिवेदन |
| ४.५ | कर अधिकृतहरुका लागि विषयगत अल्पकालिन तालिम आयोजना गर्ने | योजना तथा मानव संशाधन | | नियमित | तालिम कार्यक्रम |
| ४.६ | तालिम पूर्व तथा पश्चातको प्रभावकारिता मापन गर्ने | योजना तथा मानव संशाधन | | नियमित | प्रतिवेदन |
| ४.७ | करको मुख्य क्षेत्रमा दक्षता अभिवृद्धिका लागि कर्मचारी सरुवाको मापदण्ड बनाउने | प्रशासन | | नियमित | कर्मचारी सरुवा निर्देशिका |
| ४.८ | मातहतका कार्यालयको कार्यसम्पादन सूचकहरुको पुनरावलोकन गर्ने | अनुगमन तथा मूल्याङ्कन | | नियमित | कार्य संचालन निर्देशिका |
| ४.९ | अन्तःशुल्क ऐन नियम बमोजिम तोकिएका प्रक्रियालाई स्वचालित प्रणालीमा विकास तथा सुधार गर्ने | अन्तःशुल्क | सूचना प्रविधि | वर्ष ३ | सफ्टवेयरको विकास |
| ४.१० | सूचना सञ्चार तथा प्रविधिको निर्देशिका तर्जुमा गर्ने | सूचना प्रविधि | योजना तथा मानव संशाधन /प्रा.सहयोग | वर्ष २ | निर्देशिका |
| ४.११ | सूचना, सञ्चार र प्रविधिको पूर्वाधारको सुरक्षा परीक्षण (Security Audit) गरी सुझाव पेश गर्ने | सूचना प्रविधि | योजना तथा मानव संशाधन /प्रा.सहयोग | वर्ष २ | परीक्षण प्रतिवेदन |
| ४.१२ | सूचना तथा प्रविधिमा प्रयोग भएको हार्डवेयर तथा सफ्टवेयर फेर्ने योजना तयार गर्ने | सूचना प्रविधि | | वर्ष २ | स्वीकृत योजना |
| ४.१३ | पूर्वानुमानित आय विवरण तथा कारोबारमा आधारित कर विवरणका सूचना र कर दाखिला विवरणसंग आवद्ध गरी बैंकमार्फत विवरण तथा कर संकलन गर्ने प्रणालीको विकास गर्ने | कर प्रणाली सुधार | सूचना प्रविधि | वर्ष २ | प्रणालीको विकास |
| ४.१४ | अफलाइनमा कर विवरण दाखिला गर्न सकिने प्रणाली विकसित गर्ने | कर प्रणाली सुधार | सूचना प्रविधि | वर्ष २ | प्रणालीको विकास |
| ४.१५ | विभागको व्यवस्थापन सूचना पद्धति (MIS Report) प्रतिवेदनको संशोधन गर्ने | कर प्रणाली सुधार | सूचना प्रविधि | नियमित | संशोधित प्रतिवेदन |
| ४.१६ | करदाता दर्ता गर्दा प्रयोग भइरहेको SITC कोडलाई रुपान्तरण गरी राष्ट्रिय कोड NISC मा आवद्ध गर्ने | करदाता सेवा | योजना तथा मानव संशाधन /प्रा.सहयोग | वर्ष ३ | परिवर्तित NISC |

# ४. राजस्व प्रणाली परिवर्तन र जोखिम व्यवस्थापन

कुनै पनि संगठनका लागि सुधार कार्य एक निरन्तर प्रक्रिया हो । सुधार कार्ययोजनाले विभाग तथा कार्यालयहरुको कार्यसम्पादन प्रक्रियाको सरलीकरण तथा सेवा प्रवाहलाई गुणस्तरीय बनाउन मद्दत गर्नेछ ।यसले विभाग तथा कार्यालयको संगठन संरचना, कार्यनीति, कार्यविधि, कार्यप्रणाली र संस्कृतिमा आवश्यक रुपान्तरण गर्नेछ। सुधारको कार्य जोखिमरहित हुँदैन ।अतः सुधारका लागि जोखिमको भूमिका खेल्ने तत्वहरुको सही तरिकाले व्यवस्थापन गर्नु पर्दछ। यसका लागि सुधारका क्रियाकलापहरु किन आवश्यक छन् भन्ने बारेमा सरोकारवालाहरुलाई जानकारी दिन आवश्यक रहेको छ । सुधारका सकारात्मक पक्ष प्रति कर्मचारी वर्ग उत्साहित हुनुपर्दछ भने सहयोगीहरु तथा सेवाग्राहीले सुधारबाट हामीलाई लाभ हुन्छ भन्ने बुझ्नु पर्दछ ।कर प्रशासनले विगतको असल अभ्यास र मूल्य मान्यता संरक्षित गर्ने जस्ता विषयहरुलाई सम्बोधन गर्नु पर्दछ ।

सुधार कार्ययोजना कार्यान्वयन गर्न जनशक्तिको आपूर्ति, क्षमता विकास तथा उत्प्रेरणा, सूचना, सञ्चार र प्रविधिको उपयुक्त पूर्वाधार, नियमित मर्मत सम्भार, राष्ट्रिय अर्थतन्त्र तथा अन्तर्राष्ट्रिय व्यापारमा भएको वृद्धि र परिवर्तन अनुरुप कराधारको विस्तार, संरक्षण र विभिन्न सरकारी निकायसँगको समन्वय जस्ता पक्षको प्रभावकारी व्यवस्थापन गर्न विभाग प्रयत्नशील रहेको छ ।यी जोखिमहरुलाई सम्बोधन गर्नका लागि कानूनहरुको समयानुकुल परिवर्तन, संरचनागत विस्तार र रुपान्तरण, कार्यपद्धति सरलीकरण, अन्तर निकाय सहयोग, समन्वय एवं सहकार्य गर्न विभाग प्रतिबद्ध रहेको छ ।कार्यसम्पादनको नियमित रुपमा अनुगमन मूल्यांकन गरी सोबाट देखिएका कमी कमजोरीको सुधार गर्ने गरिएको छ ।पटके र आकस्मिक घटना मात्र नभई भइरहेका क्रियाकलापको नियमित र निरन्तर अवलोकन, अनुगमन, अभिलेखीकरण तथा मूल्याङ्कन गर्ने गरिएको छ ।नियमित रुपमा गरिने अनुगमनले सुधार कार्ययोजना कार्यान्वयनमा सघाउनेछ ।

सुधार कार्ययोजना रणनीतिक योजना कार्यान्वयनको औजार हो । सुधार कार्ययोजना कार्यान्वयनका लागि विभागले हरेक बर्ष बार्षिक कार्य योजनाबाट सुधार प्रक्रियालाई दिशा निर्देश गर्दै लैजानेछ । सुधार कार्ययोजनामा रेखांकित सुधारका कार्यहरुलाई सफलतापूर्वक कार्यान्वयन गरी समग्र विभागले लिएको दीर्घकालीन सोच, ध्येय, लक्ष्य तथा उद्देश्य पूरा गराउनेतर्फ हाम्रो गन्तव्य सुनिश्चित गर्न यो सुधार कार्य योजनाले मार्गदर्शन गर्नेछ । सुधार कार्ययोजना र बार्षिक कार्ययोजनालाई विभागले वार्षिक रुपमा अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन गरी समयानुकुल बनाउँदै निर्धारित समय मै कार्यान्वयन गर्नेछ । सुधार कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कन, व्यवस्थापन र समन्वय विभागको अनुगमन तथा मूल्याङ्कन शाखाले गर्नेछ । सुधार कार्य योजनालाई अपरिवर्तनीय रुपमा लिइनु हुँदैन । यसलाई पूर्णरुपमा कार्यान्वयनमा ल्याउन लचक अर्थात् आवश्यकता अनुसार सजिलै परिमार्जन गर्न सकिने, पुनरावलोकन गरी अनुकुल बनाउन सकिने हुनु पर्दछ । यो सुधार योजनाले तेस्रो बर्ष पूरा गरेपछि वाह्य विज्ञहरुबाट यसको समीक्षा तथा मुल्याङ्कन गराइनेछ । मूल्याकंनबाट प्राप्त नतिजा, विज्ञहरुको सुझाव, सरकारको नीति तथा बार्षिक बजेटका आधारमा दोस्रो रणनीतिक योजना कार्यान्वयनका लागि आन्तरिक राजस्व व्यवस्थापनको चौथो सुधार कार्ययोजना तयार गरिनेछ ।